# प्रादेशिक अस्पताल तथा मेडिकल कलेजका बिशेषज्ञ चिकित्सक (परिचालन तथा सञ्चालन) कार्यविधि, २०७८

**प्रस्तावना** - प्रदेश अन्तर्गतका प्रादेशिक अस्पताल तथा प्रदेशभित्र सञ्चालित मेडिकल कलेजमा कार्यरत विशेषज्ञ चिकित्सकलाई दुर्गम तथा विशेषज्ञ चिकित्सक नभएको अस्पतालमा परिचालन गरी प्रदेशको स्वास्थ्य सेवालाई सुलभ, गुणस्तरीय र प्रभावकारी बनाउन विशेषज्ञ चिकित्सकहरुलाई प्रोत्साहन गर्न आवश्यक देखिएकोले प्रदेश सुशासन ऐन,२०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश, स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रादेशिक अस्पताल तथा मेडिकल कलेजका बिशेषज्ञ चिकित्सक (परिचालन तथा सञ्चालन) कार्यविधि, २०७८ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"विशेषज्ञ चिकित्सक"** भन्नाले विशेष सिप र क्षमता भएका कम्तिमा एम.डि वा सो भन्दा माथिल्लो तहको उपाधी हाँसिल गरेका चिकित्सक सम्झनुपर्छ। सो शब्दले यस प्रदेशमा समायोजन भएका, कामकाजमा खटिएका, छात्रवृति करारमा कार्यरत रहेका, समिति अन्तर्गत नियुक्त भएका तथा करार सेवामा रही जुनसुकै किसिमले नियुक्त भएका तथा मेडिकल कलेजका चिकित्सक सम्झनुपर्छ।

(ख) **"समिति"** भन्नाले अस्पताल विकास समिति सम्झनुपर्छ।

(ग) **"मन्त्रालय"** भन्नाले यस प्रदेशको स्वास्थ्य, जनसङख्या तथा परिवार कल्याण मन्त्रालय सम्झनु पर्छ।

(घ) **"प्रदेश"** भन्नाले लुम्बिनी प्रदेश सम्झनुपर्छ।

(ङ) **"प्रादेशिक अस्पताल"** भन्नाले मन्त्रालय अन्तर्गतका अस्पताल सम्झनुपर्छ।

(च) **"मेडिकल कलेज"** भन्नाले प्रदेशभित्र प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका सरकारी, निजी तथा सामुदायिक मेडिकल कलेज सम्झनुपर्छ।

(छ) **"विशेषज्ञ चिकित्सक नभएको अस्पताल"** भन्नाले विशेषज्ञ चिकित्सकको स्थायी वा अस्थायी दरवन्दी भएका तर कुनै कारणवस पदपुर्ति नभएका वा दरवन्दीनै नभएका प्रदेश अन्तर्गतका अस्पतालहरु सम्झनुपर्छ।



डा. विकास देवकोटा
सचिव

नि. प्रमुख सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय

(ज) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनुपर्छ।

३. <u>विवरण माग गर्ने:</u> (१) मन्त्रालयले विशेषज्ञ चिकित्सक परिचालन गर्नुपूर्व प्रादेशिक अस्पताल तथा मेडिकल कलेजहरुसंग उक्त अस्पताल तथा मेडिकल कलेजहरुमा कार्यरत विशेषज्ञ चिकित्सकको विवरण माग गर्नेछ।

(२) मन्त्रालयले माग गरेको विवरण स्पष्ट रुपले खुलाई आफू मातहत रहेका विशेषज्ञ चिकित्सकको विवरण सम्बन्धित अस्पताल तथा मेडिकल कलेजहरुले अनुसूची-१ बमोजिमको ढाँचामा उपलब्ध गराउनुपर्नेछ।

४. <u>सूचना प्रकाशित गर्ने:</u>- (१) दफा (३) बमोजिमको विवरण प्राप्त भए पश्चात मन्त्रालयले विशेषज्ञ चिकित्सक खटाउने प्रयोजनको लागि कम्तिमा ७ दिनको सूचना प्रकाशित गरी निवेदन माग गर्नेछ।

(२)उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपश्चात सम्बन्धित विशेषज्ञ चिकित्सकले कामकाजमा खटिनको लागि अनूसूची-२ बमोजिमको ढाँचामा मन्त्रालयमा आवश्यक कागजातहरु सहित निवेदन पेश गर्नुपर्नेछ।

५. <u>विशेषज्ञ चिकित्सक परिचालन गर्ने</u> (१) मन्त्रालयले दफा (३) बमोजिमको विवरण र दफा (४) बमोजिमको निवेदन प्राप्त भएपश्चात उपयुक्तता र औचित्यताको आधारमा प्रक्षेपण गरी विशेषज्ञ चिकित्सक नभएको अस्पतालमा परिचालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम परिचालन गर्दा सम्बन्धित विशेषज्ञ चिकित्सकलाई संभव भएसम्म घर पाएक हुने गरी तथा निजले रोजेको आधारमा परिचालन गरिनेछ।

(३ प्रादेशिक अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकले दफा (४) बमोजिम निवेदन पेश नगरेकै आधारमा निजलाई आवश्यकता बमोजिमको अस्पतालमा खटाउन मन्त्रालयलाई कुनै बाधा पर्ने छैन।

(४) मन्त्रालयले खटिएर जाने विशेषज्ञ चिकित्सकसंग कार्यक्षेत्रगत शर्त तोकी सम्झौता गर्नेछ।

६. <u>न्यूनतम सेवा अवधि:</u>(१) दफा (५) बमोजिम परिचालन हुने विशेषज्ञ चिकित्सकले खटिएको स्थानमा कम्तिमा तीन महिना सेवा गर्नुपर्नेछ।

(२) विशेषज्ञ चिकित्सकको रुची तथा मन्त्रालयको आवश्यकता बमोजिम सेवा अवधिमा मन्त्रालयले थप गर्न सक्नेछ।



डा. विकास देवकोटा
सचिव

नि. प्रमुख सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल

७. **अभिलेख राख्ने:** दफा (५) बमोजिम परिचालन भएका विशेषज्ञ चिकित्सकको विवरण सम्बन्धित अस्पताल तथा मेडिकल कलेज र मन्त्रालयले अनुसूची-३ बमोजिमको ढाँचामा हुने गरी अभिलेख राख्नुपर्नेछ।

८. **थप सुविधा पाउने:** (१) यस कार्यविधि बमोजिम परिचालन हुने विशेषज्ञ चिकित्सकलाई निजहरुले प्रचलित कानून बमोजिम पाउने सुविधाको अतिरिक्त मन्त्रालयले अनुसूची -४ बमोजिम थप सुविधा प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम बाहेकका अन्य सुविधाहरु खटिएको चिकित्सकले दावी गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिम पाउने सुविधा सम्बन्धित विशेषज्ञ चिकित्सक खटिएर गएको अस्पतालबाट प्राप्त रुजु हाजिर सहितको सिफारिस पत्रको आधारमा प्रत्येक महिना समाप्ति भएको सात दिन भित्र बैंक मार्फत भुक्तानी हुनेछ। तर, काज समाप्ती भएको अन्तिम महिनाको भुक्तानी भने दफा १८ बमोजिमको प्रतिवेदन प्राप्त भएपछि मात्र हुनेछ।

९. **तलव भत्ता तथा अन्य सुविधा:** (१) यस कार्यविधि बमोजिम परिचालित हुने प्रादेशिक अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकले प्रचलित कानून बमोजिम पाउने तलव भत्ता तथा अन्य सुविधा पदाधिकार रहेकै निकायबाट पाउनेछ।

(२) कुनै विशेषज्ञ चिकित्सक छोटो अवधि (बढीमा सात दिन सम्मको) तालीम तथा अन्य सरकारी कामको सिलसिलामा जिल्ला बाहिर जानुपर्दा पाउने दैनिक भ्रमण भत्ता खटिएकै निकायबाट भुक्तानी पाउनेछ।

(३) यस कार्यविधि बमोजिम परिचालित हुने मेडिकल कलेजमा कार्यरत विशेषज्ञ चिकित्सकले खटिएको अवधिभरको तलव भत्ता तथा अन्य सुविधा खटिएकै निकायबाट पाउनेछ। निजहरुको सो अविधिको तलबभत्ता मेडिकल कलेजहरुले बहन गर्नुपर्ने छैन।

(४) मेडिकल कलेजमा कार्यरत विशेषज्ञ चिकित्सकको आधारभुत तलब भत्ता नेपाल सरकारले तोकेको सोही तहका सरकारी विशेषज्ञ चिकित्सकको सरह हुनेछ।

१०. **समन्वय गरिने:** (१) मेडिकल कलेजमा कार्यरत विशेषज्ञ चिकित्सकहरुलाई परिचालन गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसङख्या मन्त्रालय मार्फत सम्बन्धित मेडिकल कलेजहरुसंग समन्वय गरिनेछ।

(२) यस कार्यविधि बमोजिम विशेषज्ञ चिकित्सक परिचालन गर्नको लागि सम्बन्धित मेडिकल कलेजहरुले आफ्नो सामाजिक कर्तव्य सम्झेर मन्त्रालयलाई सहयोग गर्नुपर्नेछ।



डा. विकास देवकोटा
सचिव

नि. प्रमुख सचिव

११. <u>खटाउन बाधा नपर्ने:</u> यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रादेशिक अस्पतालहरुमा सम्बन्धित विशेषज्ञ सेवाको दरवन्दी नभए पनि विशेषज्ञ चिकित्सकलाई खटाउन बाधा पर्नेछैन।

१२. <u>विशेष मूल्याङ्कन हुने:</u> (१) यस कार्यविधि बमोजिम खटाएको स्थानमा जाने विशेषज्ञ चिकित्सकको मन्त्रालयले विशेष मूल्याङ्कन गर्नेछ।

१३. <u>खटिएको अवधिको बिदा:</u>(१) यस कार्यविधि बमोजिम परिचालित हुने विशेषज्ञ चिकित्सक खटिएको अवधिभर खटिएको अस्पतालमा मासिक रुपमा सार्वजनिक बिदा बाहेक पुरा समय रुजु हाजिर भएको हुनुपर्नेछ।

(२) यस कार्यविधिको प्रयोजनको लागि विशेषज्ञ चिकित्सकले खटिएको अवधिभर अध्ययन तथा असाधरण बिदा लिन पाउने छैन।

१४. <u>विभागीय कारवाही हुने:</u> यस कार्यविधि बमोजिम मन्त्रालयले खटाएको अस्पतालमा नजाने चिकित्सकलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही हुनेछ।

१५. <u>विशेषज्ञ चिकित्सकको जिम्मेवारी र कर्तव्य:</u> यस कार्यविधि बमोजिम परिचालित हुने विशेषज्ञ चिकित्सकको जिम्मेवारी र कर्तव्य देहायबमोजिम हुनेछ:

(क)सम्बन्धित अस्पतालबाट आफ्नो विज्ञता अनुसारको स्वास्थ्य सेवा प्रदान गरी अस्पतालबाट प्रदान हुने सेवालाई प्रभावकारी बनाउने।

(ख)विशेषज्ञ चिकित्सकको अभावमा सञ्चालन हुन नसकेका स्वास्थ्य उपकरणहरु सञ्चालनमा ल्याउने।

(ग) अस्पतालमा आकस्मिक, उपचारात्मक तथा प्रर्वद्धनात्मक सेवा प्रदान गर्ने।

(घ) गंभिर रोग लागेका तथा आफू कार्यरत अस्पतालमा उपचार संभव नुहुने बिरामीहरुलाई आफ्नो पहलमा विशिष्टिकृत अस्पतालमा रिफर गर्ने।

(ङ) आफ्नो विज्ञता अनुसार स्वास्थ्य जीवनशैली बारेमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने।

(च) अस्पतालको आयोजना तथा स्थानीय तहहरुसंगको समन्वय र सहयोगमा खटिएको अवधिभर कम्तिमा एकपटक विशेषज्ञ सेवा सहितको घुम्ती स्वास्थ्य शिविर वा स्वास्थ्य शिविर सञ्चालन गर्ने।

(छ) अस्पतालको सेवालाई गुणस्तरीय बनाउन मे.सु प्रति उत्तरदायी रहने।

(ज) प्रचलित कानुन बमोजिमका आचरण र अनुशासनको पालना गर्ने।

(झ) आफूले गरेको कामको प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्ने।



डा. विकास देवकोटा
सचिव

नि. प्रमुख सचिव

१६. <u>अस्पताल तथा अस्पताल विकास समितिको भूमिका र जिम्मेवारी:</u> (१) यस कार्यविधिको कार्यान्वयनको लागि विशेषज्ञ चिकित्सक खटिएर जाने अस्पताल र अस्पताल विकास समितिको भूमिका र जिम्मेवारी देहायबमोजिम हुनेछ।

(क) भरपुर रुपमा विशेषज्ञ चिकित्सकको सेवालाई उपयोग गर्न निजलाई जिम्मेवारी दिने।

(ख) अस्पतालमा खटिएर आउने विशेषज्ञ चिकित्सक र निजको विज्ञता सहित स्थानीय रुपमा प्रचारप्रसार गर्ने।

(ग) विशेषज्ञ चिकित्सक हाजिर भएको जानकारी र मासिक रुपमा रुजु हाजिर तयार गरी सिफारिस सहित मन्त्रालयमा पठाउने।

(घ) खटिएकै अस्पतालबाट तलबभत्ता भुक्तानी पाउने गरी खटिएका विशेषज्ञ चिकित्सकको समयमै मासिक तलवभत्ता भुक्तानी गर्ने।

(ङ) विशेषज्ञ चिकित्सकको सेवालाई प्रभावकारी र पहुँचयोग्य बनाउन स्थानीय तहरुसंगको समन्वय र सहयोगमा घुम्ती स्वास्थ्य शिविर वा स्वास्थ्य शिविर सञ्चालन गर्ने।

१७. <u>आर्थिक तथा प्रशासनिक अधिकार:</u> (१) यस कार्यविधि बमोजिम खटिने स्थायी बाहेकका विशेषज्ञ चिकित्सकलाई खटिएको अस्पतालको दैनिक प्रशासन सञ्चालन गर्ने तथा आर्थिक अधिकार प्रयोग गर्ने गरी कार्यालय प्रमुखको जिम्मेवारी दिईने छैन।

(२) यस कार्यविधि बमोजिम खटिएर जाने विशेषज्ञ चिकित्सक लाई सम्बन्धित अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट (मे.सु) ले क्लिनिकल को-अर्डिनेटर (Clinical coordinator) को रुपमा काम गर्न अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

१८. <u>परिचालन, अनुगमन तथा मूल्याङकन समिति:</u> (१) यस कार्यविधि बमोजिम विशेषज्ञ चिकित्सक परिचालन गर्न तथा कार्यविधिको कार्यान्वयन भए नभएको सन्दर्भमा अनुगमन गर्न मन्त्रालयमा देहायबमोजिमको परिचालन, अनुगमन तथा मूल्याङकन समिति रहनेछ।

(क) सचिव, मन्त्रालय- संयोजक

(ख) महाशाखा प्रमुख, प्रशासन महाशाखा,मन्त्रालय -सदस्य

(ग) महाशाखा प्रमुख,चिकित्सा सेवा तथा अनुगमन महाशाखा, मन्त्रालय – सदस्य

(घ) महाशाखा प्रमुख, नीति योजना तथा जनस्वास्थ्य महाशाखा- सदस्य

(ङ) शाखा प्रमुख, प्रशासन शाखा,मन्त्रालय- सदस्य – सचिव



डा. विकास देवकोटा
सचिव

नि. प्रमुख सचिव

(२) समितिको बैठक आवश्यकता बमोजिम बस्नेछ।

(३) समितिले आवश्यकता बमोजिम प्रादेशिक अस्पताल तथा मेडिकल कलेजका प्रमुखहरु, तथा अन्य मन्त्रालयका प्रतिनिधिलाई आवश्यकता बमोजिम समितिको बैठकमा आमन्त्रित गर्न सक्ने छ।

(४) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) यस कार्यविधि बमोजिम विशेषज्ञ चिकित्सकलाई परिचालन गर्ने।

(ख) परिचालित हुने विशेषज्ञ चिकित्सकको कार्यक्षेत्रगत शर्त तयार गरी सम्झौता गर्ने।

(ग) आवश्यकता बमोजिम विशेषज्ञ चिकित्सकसंगको सम्झौताको म्याद थप गर्ने।

(घ) संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय तथा केन्द्रिय निकाय र मेडिकल कलेजसंग समन्वय गर्ने।

(ङ) विशेषज्ञ चिकित्सक खटिएको अस्पतालमा समय समयमा अनुगमन गर्ने।

(च) विभिन्न अस्पतालमा खटिएका विशेषज्ञ चिकित्सकको कामको मूल्याङ्कन गर्ने।

(छ) कार्यविधिको कार्यन्वयनमा कुनै बाधा वा अप्ठ्यारो परेमा सुधार वा संसोधन गर्न सिफारिस गर्ने।

१९. <u>प्रतिवेदन पेश गर्नुपर्ने:</u> विशेषज्ञ चिकित्सकले आफू खटिएको अस्पतालमा कार्यरत रहदा भए गरेका मुख्य उपलब्धि सहितको विवरण समावेश गरी मन्त्रालयमा अनुसूची ५ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ।

२०. <u>अनुसूचीमा हेरफेर:</u> मन्त्रालयले यस कार्यविधिको अनुसूचीमा आवश्यकता बमोजिम हेरफेर गर्न सक्नेछ। तर आर्थिक व्ययभार हुने विषयमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहमति लिईनेछ।

२१. <u>बाधा अड्काउ:</u> यस कार्यविधिको कार्यान्वयमा उत्पन्न बाधाहरु फुकाउको अधिकार मन्त्रालयमा रहनेछ।

डा. विकास देवकोटा
सचिव

नि. प्रमुख सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ

## अनुसूची १

### -----अस्पताल/मेडिकल कलेजमा रहेका विशेषज्ञ चिकित्सकको विवरण

(दफा ३ संग सम्बन्धित)

| क.स | नामथर | संकेत नं | पद | तह | सेवा | समूह | उपसमूह | शुरु नियुक्ति मिति | नियुक्तिको किसिम | | | | | हाल कार्यरतअस्पतालमा हाजिर भएको मिति | ठेगाना | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | स्थायी | | करार | समिति तर्फको नियुक्ति | अन्य | | | | |
| | | | | | | | | | समायोजन | कामकाज | | | | | | | |

डा. विकास देवकोटा
सचिव

नि. प्रमुख सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

प्रदेश सरकार
लुम्बिनी प्रदेश
स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ

अनुसूची २

## निवेदनको ढाँचाः

(दफा ४ संग सम्बन्धित)

मितिः २०.../.../...

विषयः कामकाज सम्बन्धमा।

श्रीमान सचिवज्यू,
स्वास्थ्य जनसङख्या तथा परिवार कल्याण मन्त्रालय।
लुम्बिनी प्रदेश।

प्रादेशिक अस्पताल तथा मेडिकल कलेजका बिशेषज्ञ चिकित्सक (परिचालन तथा सञ्चालन) कार्यविधि, २०७८ बमोजिम तल उल्लेखित निकायमा कामकाजमा खटिई प्रदेश सेवा गर्ने अवसर पाउन संलग्न कागजात सहितको सत्य तथ्य विवरण यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको/गरेकी छु।

| | | |
|---|---|---|
| १. | कर्मचारीको नामथर र संकेत नं | |
| २. | पदः | |
| ३. | श्रेणी/तह | |
| ४. | सेवा/समूह /उपसमूह | |
| ५. | हाल कार्यरत अस्पताल वा मेडिकल कलेजको नाम | |
| ६. | हाल कार्यरत प्रादेशिक अस्पताल तथा मेडिकल कलेजमा कार्यरत रहेको अवधि | |
| ७. | जन्म मितिः | |
| ८. | घर ठेगाना/नागरिकता प्र.प्र नं मिति र जिल्ला | |
| ९. | कामकाजमा खटिन चाहेको अस्पताल र जिल्ला (प्राथमिकताको आधारमा) | १. |
| | | २. |



डा. विकास देवकोटा
सचिव

नि. प्रमुख सचिव
प्रदेश सरकार
लुम्बिनी प्रदेश
...

| | | |
|---|---|---|
| | | ३. |
| १०. | निवेदकको सम्पर्क नं र इमेल | |

म निवेदक प्रादेशिक अस्पताल तथा मेडिकल कलेजका बिशेषज्ञ चिकित्सक (परिचालन तथा सञ्चालन) कार्यविधि, २०७८ को अधिनमा रही खटिएको स्थानमा गई सेवा गर्न मञ्जुर छु।

यसमा लेखिएको व्यहोरा ठिक साँचो हो। झुठा ठहरे कानून बमोजिम सजाय भोग्न तयार छु।

निवेदकको:
पुरा नामथर:
संकेत नं
हस्ताक्षर:

निवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरु:

- नागरिकताको प्रतिलिपी।
- अस्पताल वा मेडिकल कलेजमा नियुक्ति भएको नियुक्ति पत्र (सरकारी विशेषज्ञ चिकित्सकको हकमा स्थायी नियुक्ति पत्र)।
- मेडिकल काउन्सिलको दर्ता प्रमाण।

डा. विकास देवकोटा
सचिव

नि. प्रमुख सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ

## अनुसूची ३

### विशेषज्ञ चिकित्सक परिचालन सम्बन्धी विवरण

(दफा ७ संग सम्बन्धित)

| क.स | नामथर | संकेत नं | पद | तह | सेवा | समूह | उपसमुह | पदाधिकार रहेको कार्यालय | खटिएको अस्पताल | खटिएको मिति | फिर्ता भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

डा. विकास देवकोटा
सचिव

नि. प्रमुख सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

प्रदेश सरकार
लुम्बिनी प्रदेश
स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ

## अनुसूची -४

(दफा ८ सँग सम्बन्धित)

विशेषज्ञ चिकित्सकले पाउने थप सुविधाः

| क.स | सुविधाको किसिम | सुविधा रकम | कैफियत |
|---|---|---|---|
| १) | प्रोत्साहन भत्ता | रु २५,०००/- | मासिक |
| २) | यातायात खर्च | रु १०,०००/- | मासिक |
| ३) | सञ्चार सुविधा | रु २,०००/- | मासिक |
| ४) | आवास सुविधा | रु १०,०००/- | मासिक |
| ५) | खाजा/खाना तथा अतिथी सत्कार खर्च | रु १०,०००/- | मासिक |
| ६) | दुर्गम भत्ता, पूर्वी रुकुम | रु १३०००/- | मासिक |
| ७) | दुर्गम भत्ता, रोल्पा | रु ८०००/- | मासिक |
| ८) | दुर्गम भत्ता,<br>पाल्पा, प्यूठान, अर्घाखाची, र गुल्मी | रु ५०००/- | मासिक |

नोटः तराईका जिल्लामा दुर्गम भत्ता नहुने।

डा. विकास देवकोटा
सचिव

नि. प्रमुख सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

प्रदेश सरकार
लुम्बिनी प्रदेश
स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ

# अनुसूची -५

## प्रतिवेदनको ढाँचा

(दफा १९ संग सम्बन्धित)

१. विशेषज्ञ चिकित्सकको नामथरः-

२. पद/तह/ सेवा/समूहः-

३. खटाईएको अस्पतालः-

४. अस्पतालमा हाजिर भएको मितिः-

५. अस्पतालबाट रमाना भएको मितिः-

६. अस्पतालमा आफू कार्यरत रहदा गरेका मुख्य कार्यहरुः-(बुँदागत र तथ्यगत रुपमा)

७. आफ्नै पहलमा गरेका कामहरुः (बुँदागत र तथ्यगत रुपमा)

८. अस्पतालमा खटाईएपश्चात सेवा प्रवाहमा परेको सकारात्मक प्रभावः-

९. मन्त्रालयलाई केही सुझाव भए सो को विवरणः-

डा. विकास देवकोटा
सचिव

नि. प्रमुख सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल